सामान्य प्रशासन शाखा

मितिः–२०७२।०९।२२

शिलबन्दी बोलपत्रको सूचना

यस क्याम्पसको प्रशासकीय भवनमा करीव २० वटा कम्प्युटर, ५ वटा लेजर प्रिन्टर र २० वटा वल्व एकै साथ प्रयोग गर्न सकिने क्षमताको सोलार उर्जा जडान गर्न पर्ने भएकाले यो सूचना प्रकाशित गरिएको छ । मुल्य अभिवृद्धि करमा दर्ता भएका इजाजत प्राप्त रजिष्ट्रर्ड संस्थाहरुले पत्रिकामा प्रथम पटक प्रकाशित भएको मितिले १५ दिन भित्र वोलपत्र दिनुहुन जानकारी गराईन्छ । बोलपत्र फारम रु.५००।–(पछि फिर्ता नहुने) तिरी क्याम्पसबाट प्राप्त गर्न सकिनेछ । बोलपत्र फारम बुझाउँदा कवुल गरेको कुल अंकको २.५ प्रतिशतले हुन आउने रकम ने.बै.लि., बगर शाखामा रहेको च.हि.नं. ६७ मा जम्मा गरेको सक्कल भौचर संलग्न राखी शिलबन्दी गरी खाम बाहिर **" सोलार उर्जा खरीद सम्बन्धी बोलपत्र"** भनी उल्लेख गरी बुझाउनु पर्नेछ । साथै बोलपत्र फर्म दर्ता (कर कार्यालयमा दर्ता) भएको तथा नविकरण भएको प्रमाणपत्रको प्रतिलिपि लगायत भ्याट सहितको दररेट उल्लेख गरी पेश गर्नुपर्नेछ।

केरमेट, रित नपुगेको र म्याद नाघी आएका बोलपत्र उपर कुनै कार्यवाही हुने छैन । तोकिएको म्यादभित्र प्राप्त हुन आएका बोलपत्रहरुको अन्तिम मितिको भोलिपल्ट दिनको १.०० बजे बोलपत्र दाता वा निजको प्रतिनिधिको रोवहरमा क्याम्पसमा खोलिनेछ । उक्त दिन विदा परेमा त्यसको भोलिपल्ट सोही समयमा खोलिनेछ । बोलपत्र खोल्दा बोलपत्र दाता वा निजको प्रतिनिधि उपस्थित नभए पनि तोकिएको समयमा बोलपत्र खोलिनेछ । यसरी प्राप्त हुन आएका बोलपत्रहरु स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार क्याम्पसमा नै निहित रहनेछ । अन्य विस्तृत जानकारीका लागि क्याम्पस खुलेको समयमा सम्पर्क राख्न सूचित गरिन्छ ।

क्याम्पस प्रमुख
पृथ्वीनारायण क्याम्पस, पोखरा ।

www.pncampus.edu.np